बाणगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाणगंगा, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

सम्पर्क नं. :०७६-५५०३८३/
०७६-५५०४७९

पत्र संख्या.:०७९।८०
चलानी नं.:

मितिः २०७९।११।०१ गते

## न्यूनतम रोजगारीमा संलग्न हुनको लागि निवेदन दिने सम्बन्धि सूचनाः

रोजगारीको हकसम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हकसम्बन्धी नियमावली, २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम सन्चालन निर्देशिका, २०७५ को दफा १८ बमोजिम आगामी आर्थिक वर्ष २०७९/८० मा यस वाणगंगा नगरपालिका मातहत रहेको रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिन बराबरको न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणका काममा योगदान गर्न इच्छुक बेरोजगार व्यक्तिहरुले २०७९ फाल्गुण १ देखि फाल्गुण मसान्त सम्म यसै नगरपालिका अन्तरगतका आ-आफ्नो स्थायी बसोबास रहेको सम्बन्धित वडाको कार्यालयमा तपशिल बमोजिमका कागजात सहित बेरोजगार व्यक्तिको सुचिमा सूचिकृत हुन निवेदन दिनुहुन यो सुचना प्रकाशित गरिएको छ ।

तपशिल :

१. बेरोजगार व्यक्तिको नागरिकताको प्रतिलिपी ।
२. बेरोजगार व्यक्तिसंग सम्बन्धित परिवारका सदस्यको नागरिकता / जन्म दर्ता (१६ वर्ष मुनिका सदस्य भएमा) / विवाह दर्ता (नागरिकता फरक जिल्लाको भएमा) / बसाई सराई दर्ता (नागरिकता फरक जिल्लाको भएमा) को प्रतिलिप्री ।
३. बेरोजगार व्यक्ति वा उसका परिवारका सदस्यहरु नेपाल सरकार वा अन्य कुनै संस्था अन्तरगत सामाजिक सूरक्षामा (अपांग, जेष्ठ नागरिक, संरक्षित जाती, एकल महिला) आवद्ध भएको भएमा त्यसको प्रतिलिपी ।
४. बेरोजगार व्यक्तिको २ प्रति पासपोर्ट साईजको फोटो ।
५. दक्ष काम गर्नको लागि दक्षता प्रमाणित गर्ने कागजात तथा प्रमाणपत्रहरु ।

किशोर थारु
रोजगार संयोजक